# रामप्रसादराई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बैकुन्ठे, भोजपुर, कोशी प्रदेश, नेपाल

## प्राविधिक कर्मचारीको आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१ श्रावण ३२ गते)**

रामप्रसादराई गाउँपालिकाबाट सम्पादन हुने पूर्वाधारसम्बन्धी कामका लागि तपसील बमोजिम कर्मचारीहरु खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा रीतपूर्वक दरखास्त आह्वान गरिन्छ।

**तपसील**

| क्र. स. | पद | विज्ञापन नं. | तह /किसिम | माग संख्या | आवश्यक शैक्षिक योग्यता | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | सिभिल इन्जिनियर | १/२०८१/८२ | छैठौं तह/ करार सेवा | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सोसरह उत्तीर्ण गरेको | रु. १,२००।- |
| २ | सब इन्जिनियर | २/२०८१/८२ | पाँचौ तह/ करार सेवा | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेको | रु. ७००।- |
| ३ | असिष्टेन्ट सब इन्जिनियर | ३/२०८१/८२ | चौथो तह/ करार सेवा | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सोसरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी. एस. एल. सी. उत्तीर्ण गरेको | रु. ५००।- |

१. **उमेद्वारको उमेरको हदः** सिभिल इन्जिनियरको पदमा दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको साथै सब इन्जिनियर र असिष्टेन्ट सब इन्जिनियरको पदमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा सबै पदमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

२. **दरखास्त दिंदा संलग्न हुनुपर्ने कागजातहरुः**
- SLC/SEE देखि माथिको सम्बन्धित सबै तहका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- दरखास्त दस्तुर बुझाएको नगदी रसिद/राजस्व खातामा दाखिला गरेको भौचर
- सिभिल इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
- पासपोर्ट साइजको फोटो २ (दुई) प्रति

३. **दरखास्त दिने अन्तिम मितिः** २०८१ साल भदौ १४ गते कार्यालय समयभित्र र सो दिन सार्वजनिक बिदा परेमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिनको कार्यालय समयभित्र

४. **परीक्षाको किसिमः** लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक समेत

५. **परीक्षा केन्द्र र मितिः** पछि प्रकाशित गरिनेछ।

६. **पारिश्रमिकः** प्रचलित कानूनले तोकेबमोजिम।

७. **परीक्षाको पाठ्यक्रमः** कोशी प्रदेशको लोक सेवा आयोगले तोकेको सम्बन्धित तह र विषयसँग सम्बन्धित हुनेछ।

८. **परीक्षा दस्तुर भुक्तानीको तरिकाः** गाउँ कार्यपालिका कार्यालयको राजस्व शाखामा बुझाउन सकिने वा एनआईसीएसिया बैंक ली. मा रहेको रामप्रसादराई गाउँपालिकाको खातामा तपसील बमोजिम विवरण भरेको भौचर बुझाउन सकिनेछ।

**खाताको नाम :** GA 1.1 - ANTARIK RAJASHWA KHATA - RAMPRASADRAI GAUPALIKA,
**आन्तरिक राजस्व खाता नं. :** २१५२०५००२८९९०००२,
**शाखा :** बैकुन्ठे,
**राजस्व संकेत नं :** १४२२४

९. माथि उल्लेखित कागजातहरु क्रमिक रुपमा एकत्रित गरेर एउटै फाइलमा राखी निवेदनका साथ रामप्रसादराई गाउँपालिकाको प्रशासन शाखामा बुझाउन सकिनेछ वा सबै कागजातहरु गाउँपालिकाको इ-मेल ठेगाना hr.ramprasadraimun@gmail.com मा पठाउन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल